नेपाल सरकार

# रक्षा मन्त्रालय

मिति: २०८३/०६/०८

## मन्त्रालयबाट सम्पादित कार्यहरूको मासिक प्रगति विवरण

**आ. व. २०८३/८४** **महिना: भदौ**

### क. प्रशासन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | कर्मचारी प्रशासन शाखा | - नेपाल सरकारका मूख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८३/०५/०१ र २०८३/०५/११ गते बसेको सचिव बैठकहरूबाट भएको निर्णयहरूको कार्यान्वयन प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- यस मन्त्रालयसँग सम्बन्धित नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको २०८३ साउन मसान्तसम्मको कार्यान्वयन अवस्थाको प्रगति विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मा प्रविष्टि गरी प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- नेपाली सेनाबाट सिफारिस भई आए बमोजिम नियमित बढुवा, विशेष बढुवा सरूवा र राजीनामा लगायत कार्यसम्पादन गरिएको (नियमित बढुवा ५ जना, विशेष बढुवा १ जना, सरूवा १४ जना र राजीनामा ४ जना),<br>- मन्त्रालयबाट अनिवार्य अवकाश भई जानु भएका १ जना र सरुवा भई आउनुभएका ४ जना कर्मचारीहरूको सम्बन्धमा आवश्यक प्रशासनिक कार्य गरिएको, |
| २. | शासकीय सुधार तथा मानव संसाधन विकास शाखा | - नेपाली सेनातर्फ (सकलदर्जा) ४५ जना (तालिम, सेमिनार/कन्फरेन्स/वर्कसप/कार्यक्रम, भ्रमण, अध्ययन) को वैदेशिक भ्रमणको लागि मनोनयन गरिएको। साथै मनोनीत उम्मेदवारका आश्रित परिवारका सदस्य १३ जनाको लागि भिसासमेत सिफारिस गरिएको, |

| | | |
|---|---|---|
| | | - प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित शासकीय सुधार एकाइको बैठक सहसचिव श्री बाबुराम भण्डारीको संयोजकत्वमा मिति २०८३ भाद्र ३१ गते सम्पन्न भएको, |

## ख. योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | योजना तथा सैनिक कल्याण शाखा | - २०८३ श्रावण महिनाको माइलस्टोन प्रगति र मासिक सूचकको आधारमा प्रगति एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- सम्माननीय प्रधानमन्त्री एवम् रक्षा मन्त्री र रक्षा सचिवबीच आ.व. २०८३/८४ मा सञ्चालन गरिने कार्यहरु समावेश भएको कार्यसम्पादन सम्झौता मिति २०८३/०५/०३ गते सम्पन्न भएको,<br>- "वार्षिक प्रगति पुस्तिका, आ.व. २०८२/८३" तर्जुमा तथा प्रकाशन सम्बन्धमा यस मन्त्रालय अन्तर्गतका निकाय तथा महाशाखा/शाखासँग मिति २०८३/०५/०३ गतेको पत्रमार्फत सम्बन्धित विवरण माग गरिएको,<br>- श्रीमान् सचिवको अध्यक्षतामा यस मन्त्रालयको आ.व. २०८२/८३ को नेपालको संविधानको धारा ५३ सँग सम्बन्धित वार्षिक प्रतिवेदनको प्रस्तुतीकरण मिति २०८३/०५/०५ गते सम्पन्न गरिएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग भएबमोजिम यस मन्त्रालयबाट संविधानको धारा ५०, ५१ र ५२ मा उल्लेख भएका राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयन गर्ने सन्दर्भमा आ.व. २०८२/८३ मा भए गरेका प्रमुख कार्यहरू र प्राप्त मुख्य मुख्य उपलब्धिको विवरण समेतको नेपालको संविधानको धारा ५३ बमोजिमको वार्षिक प्रगति प्रतिवेदन मिति २०८३/०५/०८ गते उपलब्ध गराइएको,<br>- सम्माननीय प्रधानमन्त्री एवम् रक्षा मन्त्री र रक्षा सचिवबीच आ.व. २०८३/८४ मा सञ्चालन गरिने कार्यहरु समावेश भएको कार्यसम्पादन सम्झौताको आधारमा रक्षा सचिव र प्रधानसेनापति बीच गरिने कार्यसम्पादन सम्झौताको मस्यौदा तयार गरी थप संशोधन तथा |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | परिमार्जनको लागि नेपाली सेनामा मिति २०८३/०५/०८ गते पत्राचार गरिएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग भएबमोजिम यस मन्त्रालय अन्तर्गत निकायबाट कार्यान्वयनमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूको हालसम्मको प्रगति विवरण मिति २०८३/०५/१६ गते उपलब्ध गराइएको,<br>- राष्ट्रिय योजना आयोगबाट माग भएबमोजिम राष्ट्रिय गौरवका आयोजनाको समष्टिगत प्रगति विवरण मिति २०८३/०५/२५ गते उपलब्ध गराइएको,<br>- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) अन्तर्गत गैर पर्यटक भिसा (९ जना) का लागि अध्यागमन विभागमा पत्राचार गरिएको, |
| २. | शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | - संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरुमा सहभागी हुनको लागि नेपाली सेनाबाट छनौट भई सिफारिस भएका जम्मा १६ जना विभिन्न दर्जाको मनोनयन स्वीकृत, ६ जनाको विशेष राहदानी सिफारिस तथा ७ जनाको भिसा सिफारिस गरिएको,<br>- फिलिपिन्स सरकारले नयाँ दिल्लीमा आवासीय रहने गरी नेपालका लागि गैर-आवासीय Defense and Armed Forces Attache पदमा Captain Jayson A Manaligod लाई नियुक्त गर्ने प्रस्ताव सम्बन्धमा यस मन्त्रालयको मिति २०८३/०५/३० को (सचिवस्तर) निर्णयानुसार सकारात्मक राय परराष्ट्र मन्त्रालयमा पठाइएको, |
| ३. | सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा | - नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नं. २ अन्तर्गत यस मन्त्रालयबाट गरिने १० वटा सुधारका कार्यहरूको मासिक प्रगति विवरण मिति २०८३/०५/०५ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- सूचनाको हक सम्बन्धी ऐन बमोजिमको सूचना माग गर्ने १ जना निवेदकलाई मिति २०८३/०५/०४ गते सूचना उपलब्ध गराइएको, |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | - संघीय संसदमा उठान भएका यस मन्त्रालय र नेपाली सेना सम्बद्ध विषयहरूको विवरण सङ्कलन तथा रिपोर्टिङ गरिएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८२/१२/२५ गते प्राप्त पत्रानुसार **"सिंहदरबारमा आज"** कार्यक्रममा यस मन्त्रालयबाट प्रत्येक दिन सम्पादन गरिएका मुख्य २ (दुई) कार्य सङ्कलन गरी **Google Docs** मार्फत रिपोरिङ गर्ने गरिएको,<br>- विपद् व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार समन्वय, सहजीकरण, तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने गरिएको,<br>- मन्त्रालयबाट २०८३ साउन महिनामा भए गरेका कार्यहरू रहेको प्रगति विवरण तयार गरी मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) मा राखिएको,<br>- मन्त्रालयको महाशाखागत तथा शाखागत कार्यसम्पादन अवस्थाको मासिक तथ्याङ्क (साउन महिनाको GIOMS रिपोर्टमा आधारित) तयार गरिएको,<br>- मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) नियमित रूपमा अद्यावधिक गरिएको, |

## ग. कानून महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | कानून तथा फैसला कार्यान्वयन शाखा | - "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न बनेको विधेयक" को मस्यौदा संघीय संसदमा पेस गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी प्रस्ताव मिति २०८३/०५/३१ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरिएको,<br>- "सैनिक सेवा (सातौं संशोधन) नियमावली, २०८३" मा "खारेजी र बचाउ" नियम शिर्षक थप गरी नियमावलीहरु खारेज गर्न आवश्यक व्यवस्था गरिदिनुहुन मिति २०८३/०५/०१ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको तथा केही नीतिगत विषयहरुको सम्बन्धमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा छलफल गरिएको, |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | - वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तथा नेपाली सेनाका सैनिक व्यक्तिहरूको बढुवा, आयुक्त पद प्रदान, राजीनामा, पुनः मनोनयन स्वीकृत, सेवा/समुह परिवर्तन लगायत विषयमा कानूनी राय/परामर्श पेश गरिएको (१२ वटा), |
| २. | मानव अधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखा | - हेलो सरकार पोर्टलबाट प्राप्त २२ वटा गुनासोहरू व्यवस्थापनका लागि नेपाली सेनामा पत्राचार गरिएको र विभिन्न मितिमा प्राप्त गुनासोहरूमध्ये ११ वटा गुनासोको नेपाली सेनाबाट प्राप्त भएको हुँदा हेलो सरकारमा पठाइएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट राष्ट्रिय मानव अधिकार आयोगको निर्णय कार्यान्वयनका लागि सिफारिस भई आएका १८ वटा पत्रहरूमध्ये १७ वटा नेपाली सेनामा पठाइएको र १ वटा गृह मन्त्रालयमा पठाइएको,<br>- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त २ वटा उजुरीहरू नेपाली सेनामा पत्राचार गरिएको र भाद्र महिना अगाडिको १ वटा उजुरीको जवाफ नेपाली सेनाबाट प्राप्त गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको,<br>- हेलो सरकार बाहेक अन्य निकाय र व्यक्तिमार्फत प्राप्त ५ वटा उजुरी तथा गुनासोहरू नेपाली सेनामा पत्राचार गरिएको र भाद्र महिना अगाडिका ७ वटा उजुरी तथा गुनासोहरूको जवाफ नेपाली सेनाबाट प्राप्त भएको हुँदा सम्बन्धित निकायमा पठाइएको,<br>- श्री राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयबाट राय/प्रतिक्रिया माग गरिएको २ वटा पत्र नेपाली सेनामा पत्राचार गरिएको र नेपाली सेनाबाट प्राप्त २ वटा राय/प्रतिक्रिया राष्ट्रिय मानव अधिकार आयोग, पुल्चोक र कोशी प्रदेश कार्यालयमा पठाइएको, |

## घ. व्यवस्थापन महाशाखा

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा | - VVIP उडान तथा हेली उद्धार (३ पटक), सुरक्षा प्रबन्ध (५ पटक) तथा ड्रोन उडानको सहमति (१ पटक) दिने सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायहरूसँग निरन्तर सहजीकरण गरिएको,<br>- मन्त्रालयको चालु आ.व २०८२/८३ को मसलन्द सामग्री खरिदको लागि मूल्याङ्कन समितिबाट प्राप्त बोलपत्रहरूको मूल्याङ्कन गरी स्वीकृतिको लागि सिफारिस गरिएको,<br>- मिति २०८३ भदौ १० गते रसुवा जिल्लामा आएको पहिरो र बाढीका कारण सृजित प्राकृतिक विपद् तथा मानवीय साहायता सम्बन्धमा परराष्ट्र मन्त्रालय तथा गृह मन्त्रालयबाट प्राप्त Diplomatic Flight clearance, Bailey bridge, शिष्टाचार भेट, नेपाली सेनाको हेलिकप्टर सहयोग, बाढीबाट प्रभावितहरूको सुरक्षा, ड्रोन उडान, नागरिकको उद्धार लगायत विषयमा प्राप्त पत्र (६१ वटा) नेपाली सेना र सम्बन्धित निकायमा आवश्यक कार्यार्थ पत्राचार गरिएको,<br>- मन्त्रालयमा चमेना गृह सञ्चालनका लागि सम्पूर्ण प्रक्रिया पुरा गरी सम्झौता गरिएको,<br>- मन्त्रालयको नियमित उच्च व्यवस्थापन समूह बैठक (SMT) मिति २०८३/०५/०२ तथा २०८३/०५/१८ गते र नियमित कर्मचारी बैठक मिति २०८३/०५/०५ तथा २०८३/०५/२६ गते सम्पन्न भएको, |
| २. | आर्थिक प्रशासन शाखा | - २०८३ भाद्र महिनासम्म चालु खर्च ९.८% भएको, |
| ३. | खरिद व्यवस्थापन शाखा | - विभिन्न ६ (छ) वटा जलविद्युत आयोजना एवम् ३ (तीन) वटा औद्योगिक प्रयोजनका लागि आवश्यक विष्फोटक पदार्थको खरिद, आयात, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धमा गृह मन्त्रालयमा राय/प्रतिक्रिया उपलब्ध गराउनुका साथै आवश्यक सहजीकरण गरिएको,<br>- नेपाली सेनासँग सम्बन्धित विभिन्न सामग्री आयात गर्दा भन्सार महशुल छुटका लागि सम्बन्धित निकायहरूमा सिफारिस गरिएको संख्या २ (दुई), |